एउटै पढे पुग्छ
समाधान
samadhannews.com
राष्ट्रिय दैनिक
समाधान मिडिया प्रा.लि.




# पोखराको मेयरमा ११ जनाको उम्मेदवारी दर्ता, उपमेयरमा ४

**समाधान संवाददाता**
पोखरा, ११ वैशाख

पोखराको मेयरमा ११ जनाले उम्मेदवारी दर्ता गराएका छन् । ५ जना पार्टीका उम्मेदवार छन् भने ६ जनाले स्वतन्त्र उम्मेवारी दिएका हुन् ।

स्वतन्त्र उम्मेदवारी दिनेमा लेखक गनेस पौडेल (खड्कराज पौडेल), विमलबहादुर कार्की, रामराज अधिकारी, डिलबहादुर गुरुङ, नवराज बास्तोला र किसानसिंह गुरुङ छन् ।

राप्रपा नेपालबाट गोविन्द गुरुङले मेयरमा उम्मेदवारी दिएका छन् । सञ्जय तिमिल्सिनाले मौलिक जरोकिलो पार्टीबाट उम्मेदवारी दिएका छन् । सचेत नेपाली पार्टीबाट भोजराज खनालको उम्मेदवारी परेको छ । नेपाली जनता दलका मुक्तिनाथ सुवेदी, मंगोल नेसनल अर्गनाइजेसका प्रेमप्रसाद गुरुङले मेयरमा उम्मेदवार दर्ता गराएका छन् ।

पोखराको मेयरमा नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाले पनि उम्मेदवारी दिएको छ । निर्वाचन आयोगमा दर्ता नभएको नेकपाबाट मेयरमा नेता किसानसिंह गुरुङले उम्मेदवारी दर्ता गराएका छन् । नेकपाकै नेतृ सोममाया विकले उपप्रमुखमा उम्मद्वारी दर्ता गराएकी छन् । उनीहरु दुवैले स्वतन्त्र उम्मेदवारी दिएका हुन् ।

निर्वाचन आयोगले वैशाख ३० गते हुने स्थानीय निर्वाचनका लागि आइतबार र सोमबार उम्मेदवारको मनोनयन दर्ताको तालिका सार्वजनिक गरेको थियो । ठूला राजनीतिक पार्टीले उम्मेदवार तय गर्ने ढिला गरिरहेको हुँदा आइतबार स्वतन्त्र र साना पार्टीका तर्फबाट मात्रै उम्मेदवारी परेको छ ।

पोखराको मुख्य निर्वाचन अधिकृतको कार्यालयका सूचना अधिकारी नील पनेरुका अनुसार उपमेयरमा ४ जनाको उम्मेदवारी परेको छ । राप्रपा नेपालबाट चिना दवाडी, सचेत नेपाली पार्टीबाट सोनी परियार, स्वतन्त्रबाट सोममाया विक र मंगोल नेसनल अर्गनाइजेसनबाट रामबहादुर तामाङले उम्मेदवारी दर्ता गराएका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार आइतबार ५ बजेसम्म मेयर, उपमेयर, वडाध्यक्ष र वडा सदस्य गरी ४७ जनाको उम्मेदवारी परेको छ । आयोगले मेयर र उपमेयरमा उम्मेदवारी दिन १ हजार ५ सय रुपैयाँ, वडाध्यक्षका लागि १ हजार र सदस्यका लागि ५ सय रुपैयाँ दर्ता शुल्क तोकेको छ ।

| मेयरका उम्मेदवार | पार्टी/स्वतन्त्र | उपमेयरका उम्मेदवार | पार्टी/स्वतन्त्र |
|---|---|---|---|
| गनेस पौडेल (खड्कराज पौडेल) | स्वतन्त्र | | |
| विमलबहादुर कार्की | स्वतन्त्र | | |
| रामराज अधिकारी | स्वतन्त्र | | |
| डिलबहादुर गुरूङ | स्वतन्त्र (जनमोर्चा समन्वय समिति) | | |
| नवराज बास्तोला | स्वतन्त्र | | |
| किसानसिंह गुरूङ | स्वतन्त्र | सोममाया विक | स्वतन्त्र |
| गोविन्द्र गुरूङ | राप्रपा नेपाल | चिना दवाडी | राप्रापा नेपाल |
| भोजराज खनाल | सचेत नेपाली पार्टी | सोनी परियार | सचेत नेपाली पार्टी |
| मुक्तिनाथ सुवेदी | नेपाली जनता दल | | |
| प्रेमप्रसाद गुरूङ | मंगोल नेसनल अर्गनाइजेस | रामबहादुर तामाङ | मंगोल नेसनल अर्गनाइजेसन |
| सञ्जय तिमिल्सिना | मौलिक जरोकिलो पार्टी | | |

**कास्कीका गाउँपालिकामा नगन्य उम्मेदवारी दर्ता भएको छ**

मेयरमा उम्मेदवारी दर्ता गराएकामध्ये लेखक पौडेल अटेरी अभियानका संयोजक हुन् । स्थानीय तह निर्वाचनमा दलीय हुन नहुने एजेन्डासहित पौडेलले उम्मेदवारी दिएका छन् । उनले पोखरालाई बुटिक सहर बनाउने एजेन्डाअघि सारेका छन् ।

मादी गाउँपालिकामा अटेरी अभियानका सुनील ढकालले अध्यक्षमा उम्मेदवारी दर्ता गराएको त्यहाँका निर्वाचन अधिकृत दुर्गा भट्टराईले जानकारी दिए । उनका अनुसार ढकालको उम्मेदवारी स्वतन्त्र हो । सोही अभियानबाट वडा नम्बर ३ मा बुद्धि लामिछानेले वडाध्यक्षमा उम्मेदवारी दिएका छन् । माछापुच्छ्रे गाउँपालिकामा अध्यक्षमा मंगोल नेसनल अर्गनाइजेसनका डमराज मगरले उम्मेदवारी दिएका छन् भने वडा नम्बर ९ को अध्यक्षमा पदमबहादुर गुरुङको उम्मेदवारी सोही पार्टीबाट परेको निर्वाचन अधिकृत नवराज दंगालले जानकारी दिए ।

अन्नपूर्ण गाउँपालिकामा राप्रपाका पूर्णचन्द्र च्वाईंले अध्यक्ष र दीपेश दाहाले वडा नम्बर १ मा स्वतन्त्र उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृत विष्णु आचार्यले जानकारी दिए । अन्नपूर्ण गापा वडा नम्बर १ कै सदस्यमा जीवन कुँवरले राप्रपाबाट उम्मेदवारी दिएका छन् । कास्कीको रुपा गाउँपालिकामा वडा नम्बर ५ को वडा सदस्यमा गोपीपाल जोशीको स्वतन्त्र उम्मेदवारी परेको निर्वाचन अधिकृत रुद्रप्रसाद सुवेदीले जनाए ।

पोखरा महानगरपालिकासहित गाउँपालिकामा सोमबार उम्मेदवारी दर्ताका लागि दलहरुले समय लिएको निर्वाचन अधिकृतहरुले बताएका छन् । पोखराका मुख्य निर्वाचन अधिकृत न्यायाधीश श्रीकृष्ण भट्टराईले सोमबार एकै दिन सबै दलका उम्मेदवार आउँदा धेरै समय लाग्न सक्ने बताए । उनका अनुसार निर्वाचन अधिकृतको कार्यालयसँग आवश्यक मानव संसाधन अभाव छ । दलहरुले त्यसलाई ख्याल गरी पहिल्यै प्रक्रिया पूरा गरी कागजपत्रसहित पुगेमा सजिलो हुने भट्टराईले बताए ।

## कांग्रेस र राष्ट्रिय जनमोर्चाबाट वागी



विमल कार्की

पोखराको मेयरमा कांग्रेस नेताले वागी उम्मेदवारी दिएका छन् । कांग्रेसको पोखरा नगर समितिका पूर्वसभापति विमलबहादुर कार्कीले भर्खरै उम्मेदवारी दर्ता गराएका हुन् । नेपाली कांग्रेस नेतृत्वको सत्ता गठबन्धनबाट नेकपा एसका धनराज आचार्यलाई मेयरको उम्मेदवार बनाउने निर्णय भइसकेको छ । त्यसकै विरुद्धमा कांग्रेसका युवा नेता कार्कीले वागी उम्मेदवारी दर्ता गराएका हुन् ।

'हाम्रो सभापति शेरबहादुर देउवाले कांग्रेसका मतदातालाई हँसिया हतौडामा भोट हाल लगाउने, कलममा भोट हाल्न लगाउन गर्न लाग्नुभयो, मैले त्यसैको विरुद्धमा उम्मेदवारी दिएको हुँ,' कार्की भने, 'कुनै हालतमा मेरो उम्मेदवारी फिर्ता हुँदैन, फिर्ता हुने गरी उम्मेदवारी दिएको होइन ।'

राष्ट्रिय जनमोर्चाबाट छुट्टिएर बनेको राष्ट्रिय जनमोर्चा समन्वय समितिबाट डिलबहादुर गुरुङले वागी उम्मेदवारी दिएका छन् । समन्वय समिति दलका रुपमा दर्ता नभएको हुँदा उनको उम्मेदवारी स्वतन्त्र हैसियतमा छ । जनमोर्चाले सत्तारुढ गठबन्धनसँग चोचोमोचो मिलाएको असन्तुष्ट समूहले समन्वय समिति गठन गरेको छ । त्यही समितिबाट पोखराको मेयरमा उम्मेदवारी परेको हो ।

# पोखराको मेयरमा बाहेक कांग्रेसले अरु तालमेल नगर्ने

**समाधान संवाददाता**
पोखरा, ११ वैशाख




महानगरपालिकाका वडामा भागबण्डा नमिलेको र अन्य ४ गाउँपालिकामा पनि सहमति हुन नसकेपछि कास्की कांग्रेसले केन्द्रबाट तालमेल भएको मेयर पदबाहेक कास्कीमा अरु दलहरुसँग गठबन्धन नगर्ने निर्णय गरेको छ ।

दिनभर भागबण्डाका लागि छलफल भए पनि कुरा मिलेको छैन । अर्कोतिर कांग्रेस नेताहरूलाई गठबन्धन नगर्न भन्दै कार्यकर्ताले ४ घण्टा भन्दा बढी थुनेपछि अन्तिममा मैत्रीपूर्ण प्रतिस्पर्धा गर्ने निर्णय जिल्ला सभापति किशोरदत्त बरालले सुनाएका थिए ।

'नेपाली कांग्रेसको केन्द्रीय परिपत्र र निर्देशन अनुसार सत्तामा साझेदार गठबन्धनका दलहरुसँग पटक पटक वार्तामा बसी तालमेल गर्ने प्रयास जारी रहेको अवस्थामा कार्यकर्ता साथीहरुको बीच कांग्रेसलाई सुदृढ बनाउनको निम्ति कार्यकर्ताहरुमा देखिएको चिन्ता र कार्यकर्ताबाट गठबन्धन नगर्ने रायसहितको सुझाव प्राप्त भएकाले,' बरालले भनेका छन्, 'गठबन्धनका दलहरुसँग मैत्रीपूर्ण रुपमा प्रतिस्पर्धामा जाने निर्णय गरेका छौं ।'

**गठबन्धनका दलहरुसँग मैत्रीपूर्ण रुपमा प्रतिस्पर्धामा जाने निर्णय गरेका छौं**

**किशोरदत्त बराल**
सभापति
कास्की कांग्रेस

गठबन्धन नगर्न भन्दै आइतबार दिउँसो कांग्रेस कार्यकर्ताले पार्टीका जिल्ला नेताहरुलाई दबाब दिएका थिए । पार्टी कार्यालयमा उपस्थित कार्यकर्ताले गठबन्धन हामीलाई चाहिँदैन, कांग्रेस बेच्न पाइँदैन भन्दै नाराबाजी गरेका थिए ।

कार्यकर्ताले पोखराको मेयर कांग्रेसले पाउनुपर्ने माग गर्दै जिल्ला पदाधिकारीलाई पार्टी कार्यालयमा केही बेर थुनेका पनि थिए । नेपाली कांग्रेस जिल्ला पार्टी कार्यालयमा बसेका पदाधिकारीको बैठक बसिरहेको बेला वडा सभापति, जिल्लाका कार्यकर्ताले कांग्रेसले मेयर पाउनुपर्ने भन्दै जिल्लाका पदाधिकारीलाई कार्य कक्षमै थुनिदिएको जिल्ला सभापति किशोरदत्त बरालले जानकारी दिए ।

'पार्टी कार्यालयमा चुनावको विषयमा लिएर बैठक चलिरहेको थियो । बाहिर आन्दोलन गरिरहेका वडा सभापति र कांग्रेसका क्रियाशील कार्यकताले बैठक कक्षको प्रवेशद्वारमा साँचो लगाइदिए,' सभापति बरालले भने, '१ घण्टाभन्दा बढी समय हामी थुनियौं ।'

नेकपा माओवादी केन्द्रका नेता दीपक कोइरालाले गठबन्धन नगर्ने निर्णय कांग्रेसले एकतर्फी रुपमा गरेको बताएका छन् । 'हामीहरु कांग्रेससँग सम्पर्क गर्ने प्रयासमा छौं । यदि त्यो आधिकारिक रहेछ भने हामी पनि हाम्रो तयारीमा जुट्छौं । सम्पर्क भएको छैन,' कोइरालाले भने, 'कुराकानी भएर गठबन्धनमा नजाने कांग्रेसले सोचेका हो भने नयाँ ढंगले अघि बढ्छौं ।'

सत्ता गठबन्धनका दलबीच पोखरा महानगरपालिकाको मेयर नेकपा एसबाट र उपमेयर कांग्रेसबाट उठाउने सहमति भइसकेको छ । त्यसबाहेकमा कुरा मिल्न नसकेको हो ।

माओवादीले ४ वटा पालिकामा उपप्रमुख लिने भन्ने कुरामा लगभग शनिबारै सहमति जुटिसकेको अवस्थामा कांग्रेसबाट एकतर्फी निर्णय आएको माओवादी केन्द्रीय सदस्य कोइरालाले बताए । उनकै भनाइमा पोखरा महानगरपालिकाका ६ वडामा माओवादी उम्मेदवार उठाउने र कास्कीका अरु पालिका उपप्रमुखमा माओवादीका उम्मेदवार बनाउने सहमति भइसकेको थियो ।

जसपा र जनमोर्चालाई पनि एक-एकवटा वडा दिनुपर्छ भन्ने कुरामा मात्रै सहमति हुन बाँकी छँदा कांग्रेसको एकतर्फी निर्णय आएको कोइरालाको भनाइ छ । 'अस्ति कुरा मिलिसकेका वडामा कांग्रेसले अस्ति चेन्ज गरेर ल्यायो,' उनले भने, 'ल ठीकै छ तलमाथि गर्नुपर्छ भने पनि हामी तलमाथि गरौंला सहमति ब्रेक नगर्ने भन्ने भएको थियो । उहाँहरु नेता पार्टीका कार्यकर्ताहरु सल्लाह गरेर जाने भनेर जानुभएको थियो । अहिले त्यो कुरा आइरहेको छ । यदि गठबन्धनबाट कांग्रेस बाहिरियो भने हामी नयाँ ढंगले जान्छौं ।'

## देशभर साढे १० हजारको उम्मेदवारी

पोखरा, ११ वैशाख (समाधानं-स्थानीय तह निर्वाचनका लागि आइतबार साँझसम्म देशभर १० हजार ५ सय ३३ जनाले उम्मेदवारी दिएका छन् । निर्वाचन आयोगका प्रवक्ता शालिग्राम पौडैलका अनुसार पालिका अध्यक्ष र प्रमुखमा ९ सय ८७, उपाध्यक्ष र उपप्रमुखमा ५ सय ८ जनाको उम्मेदवारी परेको छ ।

वडाध्यक्षमा २ हजार ९ सय २१, वडा सदस्यमा ३ हजार ३ सय ३८, महिला सदस्यमा १ हजार ५ सय ७६, दलित महिला सदस्यमा १ हजार २ सय ३ जनाको उम्मेदवारी परेको प्रवक्ता पौडेलले जानकारी दिए । उम्मेदवारी दिनेमध्ये ३ हजार ५ सय ६ जना महिला छन् ।

आयोगले मनोनयन दर्ताका लागि सोमबार साँझ ५ बजे अन्तिम समय निर्धारण गरेको छ । निर्वाचन आयोगले यही वैशाख ३० गते स्थानीय तहको निर्वाचन गराउँदै छ ।

## कक्षा १२ को परीक्षा समय फेरियो

काठमाडौं, ११ वैशाख (समाधान)- राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयले कक्षा १२ को परीक्षाको समय तालिकामा केही फेरबदल गरेको छ ।

बोर्डले आइतबार सूचना प्रकाशित गरी आगामी जेठ १६ देखि २५ गतेसम्म सञ्चालन हुने कक्षा १२ को वार्षिक परीक्षामा केही परिवर्तन गरेको जनाएको छ । सूचनामा कक्षा १२ को वार्षिक परीक्षा बिहान ८ देखि ११ बजेसम्म हुने उल्लेख छ ।

यसअघि बिहान ११ देखि अपराह्न २ बजेसम्म परीक्षा सञ्चालन गर्ने समय तालिका सार्वजनिक गरेको थियो । विभिन्न सरोकारवालाले समय तालिका परिवर्तन गरिदिन अनुरोध गरेपछि समय तालिका परिवर्तन गरिएको बोर्डले जनाएको छ ।

# म्याग्दीका २ पालिकामा कांग्रेसको एकल उम्मेदवारी

**राकेश शर्मा**
म्याग्दी, ११ वैशाख

स्थानीय तह निर्वाचनको मनोनयन दर्ता गर्ने पहिलो दिन आइतबार म्याग्दीका २ पालिकामा नेपाली कांग्रेसले एकल उम्मेदवारी दर्ता गराएको छ । ६ स्थानीय तह रहेको म्याग्दीमा सत्ता गठबन्धनमा धवलागिरिबाहेक अन्य पालिकामा कुरा मिलेको छैन ।

जिल्लाको रघुगंगाको अध्यक्षमा भवबहादुर भण्डारी र उपाध्यक्षमा प्रेमकुमारी पुनले कांग्रेसबाट उम्मेदवारी दर्ता गराएका छन् । पालिकाको वडा न १ को अध्यक्षमा बिलबहादुर फगामी, महिला सदस्यमा सोभिता पुन, दलित महिला सदस्यमा रुपा नेपाली दर्जी, खुला सदस्यमा भक्तबहादुर शेरपुजा र बलमान गौचनले उम्मेदवारी दिएका छन् । वडा नं. २ को अध्यक्षमा लोकबहादुर भण्डारी, सदस्यमा रुद्रबहदुर भण्डारी, गोकर्ण भण्डारी, शोभा परियार, डेककुमारी श्रेष्ठ भण्डारी र ३ को अध्यक्षमा अशोक शाहीले उम्मेदवारी दिएका छन् ।

वडा नं. ४ को अध्यक्षमा पविन गर्बुजा, सदस्यमा त्रकुमारी पुर्जा गर्बुजा, आरती विश्वकर्मा, चित्रबहादुर गर्बुजा र राजकुमारी गुर्बजा, वडा नं. ५ मा अध्यक्षमा मनबहादुर शेरपुञ्जा, सदस्यमा ढिलु थजाली, धनमाया गोतामे घताने, रामबहादुर थजाली, डमबहादुर रोका उम्मेदवार बनेका छन् । वडा नं. ६ को अध्यक्षमा मनकुमार शेरपुजा, सदस्यमा मिना पुन, निर्मला विक, टेकजित छन्त्याल, दलप्रसाद पुनले उम्मेद्वारी दिएका छन् ।



वडा नं ७ मा अध्यक्ष बेगबहादुर पुन, सदस्यमा बुद्धिमाया पुन, शीतल विक, धनबहादुर पुन, ईन्द्र पुनमगर र वडा नं. ८ को अध्यक्षमा गमान छन्त्याल, सदस्यमा प्रिती गर्बुजा, यामकुमारी गोतामे, चबहादुर छन्त्याल र अगेन्द्र छन्त्यालले उम्मेदवारी दर्ता गराएका हुन् ।

अन्नपूर्णमा अध्यक्षमा क्या. बलबहादुर तिलिजा र उपाध्यक्षमा ललिता तिलिजा पुन उम्मेदवार बनेका छन् । कांग्रेसले वडा न १ मा अध्यक्ष भविन्द्र गर्बुजा, महिला सदस्यमा थममाया चोचाङ्गी, महिला दलित सदस्य निर्मला विक, खुल्ला सदस्यमा साजन पुन, बेगबहादुर पुर्जा, २ मा वडाध्यक्ष रेखीराम पुर्जा, सदस्यमा सकिना तिलिजा पुर्जा, हस्तमाया सुनार, भक्तराम फगामी र सुकबहादुर पुर्जालाई टिकट दिएको छ ।

वडा नं. ३ को अध्यक्षमा सुरत केसी, सदस्यमा तिर्सना विक, संगीता विक, भीमबहादुर पुन, दिप्पाल तिलिजा, ४ को अध्यक्षमा लोकबहादुर फगामी, सदस्यमा यामकुमारी स्वतन्जा, सुकमाया विक, भीमबहादुर शेरपुजा, श्याम पुर्जा छन् । वडा नं. ५ को अध्यक्षमा राजेश तिलिजा पुन, सदस्यमा अ इशा गर्बुजा, जुना खाती, रामबहादुर पुर्जा र धनबहादुर पाइजाले मनोनयन दर्ता गराएका छन् ।

वडा नं. ६ को अध्यक्षमा रामबहादुर खड्का, सदस्यमा पुष्पा बानियाँ बरुवाल, सरस्वती परियार, मीनबहादुर गर्बुजा, प्रेमबहादुर बरुवाल, वडा नं. ७ को अध्यक्षमा गमबहादुर फगामी पुन, सदस्यमा उर्मिला पुन पाइजा, टीका घताने, नीलप्रसाद पुन, हिराबहादुर पुन र वडा नं. ८ को अध्यक्षमा रवि गर्बुजा, सदस्यमा मञ्जु मगर पुन, गीता कामी, गमबहादुर पुर्जा र थपबहादुर फगामीले उम्मेद्वारी दिएका छन् ।

नेकपा एमाले र माओवादी केन्द्रले सोमबारमात्र उम्मद्वारी दर्ता गराउने जनाएका छन् ।



# सम्पादकीय

## व्यवस्था फेरियो, अवस्था फेरिएन

२०६२/०६३ सालको जन आन्दोलनको बलले नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको १६ वर्ष पुरा भएको छ । २०५९ साल जेठ ८ मा विघठन भएको संसद आन्दोलनरत दलको मार्गचित्रबमोजिम विसं २०६३ वैशाख ११ गते पुनस्थापना भएसँगै विसं २०६४ देखि देशभर मनाउन थालियो । आम जनता, नागरिक समाज र सबै राजनीतिक दलको सहकार्यमा नयाँ वर्षसँगै लाखौं जनता सडकमा आएर विसं २०६१ माघ १९ गते शासन सत्ता आफ्नै हातमा लिएका तत्कालिन राजा ज्ञानेन्द्रलाई झुक्न बाध्य पारे । विसं २०६३ जेठ ४ गतेको संसद्ले राजदरबारको अधिकार कटौती गर्दै राजसंस्थालाई निलम्बन गर्‍यो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने संकल्प प्रस्ताव पारित गरेको थियो ।

जन आन्दोलनकै जगमा विसं २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्षे राजसंस्थाको विधिवत् अन्त्य गर्‍यो । विसं २०७० मसिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले २०७२ साल असोज ३ गते सघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गर्‍यो । त्यसपछि संविधानबमोजिम तीनै तहको निर्वाचन सम्पन्न भई आन्दोलनको बलमा बनेको संविधान कार्यान्वयन आएसँगै संघीय, प्रादेशिक र स्थानीय सरकारले शासन सञ्चालन गरेका छन् । लामो संघर्षपछि संविधानसभामार्फत् बनेको संविधान र त्यसपछि बनेको ३ तहका सरकारलाई अझ प्रभावकारी र जनमुखी बनाउनका लागि सहमति र सहकार्य गर्नु आवश्यक छ । तर संघीयतामा मर्म अनुसार काम हुन सकेको छैन ।

पुनर्स्थापना भएको संसदले नेपालमा संघीय गणतान्त्रिक शासन व्यवस्थाको सुरुवात भएपनि राजनीतिक परिवर्तनसँगै मुलुकको सामाजिक, सांस्कृतिक र आर्थिक रुपान्तरण हुन सकेको छैन । लामो संघर्षबाट प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्नु अहिलेको महत्वपूर्ण जिम्मेवारी हो । देशमा स्वच्छ राजनीतिक संस्कारको विकास तथा आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने सोचसहित अघि बढे मात्र यो शासन व्यवस्था प्रभावकारी हुन्छ । राजतन्त्रको समुल अन्त्य भएपछिको शासन व्यवस्थामा समेत जनताको अपेक्षा अनुसार काम हुन सकेको छैन । आन्दोलनको मर्म र भावना अनुसार काम हुन सकेको छैन । राज्य सञ्चालन गर्ने पात्र फेरिएको छ । प्रवृत्ति फेरिएको छैन । शासन व्यवस्था फेरिएको छ । जनताको अवस्था फेरिएको छैन । आर्थिक समृद्धि र दिगो विकासको मुल एजेण्डामा दल केन्द्रीकृत बन्न सकेका छैनन । त्यसैले मुलुक सञ्चालन गरेका राजनीतिक दल तथा तीनतहका सरकारले हजारौं नागरिकले रगत र पसिना बगाएर ल्याएको लोकतन्त्रलाई सुदृढ बनाउन जनताको मर्म र भावना अनुसार काम गर्नु पर्छ । दर्जनौं सपूतहरूले आफ्नो जीवनको आहुती दिएर ल्याएको लोकतन्त्र समृद्ध नेपाल र सुखी नेपाली बनाउने राष्ट्रिय आकांक्षा र उद्देश्य पुरा गर्न अझै कसिलो राष्ट्रिय एकता र हातेमालोको विकल्प छैन । राजनीतिक पार्टीहरूमा देखिएको बिग्रह र बेमेलको अन्त्य गरी एकताबद्ध हुने प्रेरणा सम्बन्धित सबै पक्षलाई लोकतन्त्र दिवसले दिलाओस ।

### २०७४ मा पोखरा महानगरपालिका वडा नम्बर १३ को चुनावी नतिजा

| पद | उम्मेदवार | पार्टी | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|
| वडाध्यक्ष | बजिरमान श्रेष्ठ | नेपाली काग्रेस | १६०८ | |
| वडाध्यक्ष | लेख बहादुर तामाङ | एमाले | २६०६ | निर्वाचित |
| वडाध्यक्ष | तिलकबहादुर गुरुङ | माओवादी केन्द्र | ३९८ | |
| वडाध्यक्ष | रामेश्वर कोइराला | राप्रपा | ५२ | |
| वडाध्यक्ष | हरिबहादुर गुरुङ | फोरम नेपाल | १८६ | |
| वडाध्यक्ष | बलराम सिग्देल | स्वतन्त्र | ० | |
| वडा सदस्य | राम बराल | नेपाली कांग्रेस | १८०८ | |
| वडा सदस्य | दीपक गुरुङ | नेपाली कांग्रेस | १७६४ | |
| वडा सदस्य | टंकप्रसाद भट्टराई | एमाले | २३४४ | निर्वाचित |
| वडा सदस्य | रहिमुल्ला मियाँ | एमाले | २१५१ | निर्वाचित |
| वडा सदस्य | चित्रबहादुर विश्वकर्मा | माओवादी केन्द्र | ३३८ | |
| वडा सदस्य | मोहमम्द फारुक मियाँ | माओवादी केन्द्र | २५३ | |
| वडा सदस्य | अमिर मियाँ | राप्रपा | १३७ | |
| वडा सदस्य | लालबहादुर नेपाली | राप्रपा | १०० | |
| वडा सदस्य | मोहमद अलिमियाँ | फोरम नेपाल | १८७ | |
| वडा सदस्य | नौबहादुर गुरुङ | नयाँ शक्ति पार्टी | १९७ | |
| महिला सदस्य | तारा बराल | नेपाली कांग्रेस | १६३९ | |
| महिला सदस्य | किष्णकुमारी गुरुङ | एमाले | २६२९ | निर्वाचित |
| महिला सदस्य | टीकाकुमारी गुरुङ | माओवादी केन्द्र | २५९ | |
| महिला सदस्य | वसन्त विश्वकर्मा | राप्रपा | ९८ | |
| दलित महिला सदस्य | हस्तीमाया विक | नेपाली कांग्रेस | १७६४ | |
| दलित महिला सदस्य | कमला विक | एमाले | २४११ | निर्वाचित |
| दलित महिला सदस्य | सकुन्तला परिवार | माओवादी केन्द्र | २६१ | |
| दलित महिला सदस्य | भानुमाया विश्वकर्मा | राप्रपा | १०४ | |
| दलित महिला सदस्य | तारा परिवार | नयाँ शात्ति पार्टी | १७२ | |

### २०७४ मा पोखरा महानगरपालिका वडा नम्बर १७ को चुनावी नतिजा

| पद | उम्मेदवार | पार्टी | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|
| वडाध्यक्ष | पुण्डरीप्रसाद बराल | नेपाली कांग्रेस | १७८३ | |
| वडाध्यक्ष | तीर्थराज अधिकारी | एमाले | ३०४६ | निर्वाचित |
| वडाध्यक्ष | मनुमाया खत्री | माओवादी केन्द्र | ३६९ | |
| वडाध्यक्ष | चन्द्रबहादुर पोखेल | राप्रपा | ५४ | |
| वडाध्यक्ष | विष्णुप्रसाद शर्मा | जनमोर्चा | २१ | |
| वडाध्यक्ष | दीपक भण्डारी | नयाँ शक्ति पार्टी नेपाल | ११८ | |
| वडा सदस्य | विनम गुरुङ | नेपाली कांग्रेस | १८५४ | |
| वडा सदस्य | विक्रम भण्डारी | नेपाली कांग्रेस | १६९८ | |
| वडा सदस्य | बैकुण्ठ भणडारी | एमाले | २८४२ | निर्वाचित |
| वडा सदस्य | शान्तादेवी गुरुङ | एमाले | २६८८ | निर्वाचित |
| वडा सदस्य | इश्यारी प्रसाद लम्साल | माओवादी केन्द्र | ५३५ | |
| वडा सदस्य | देवराज भण्डारी | माओवादी केन्द्र | ३८५ | |
| वडा सदस्य | रनबहादुर दमै | राप्रपा | ८९ | |
| वडा सदस्य | चित्रलाल पनेरु | जनमोर्चा | २९ | |
| वडा सदस्य | गोविन्दप्रसाद पाण्डे | नयाँ शक्ति पार्टी नेपाल | ११८ | |
| वडा सदस्य | चेतनप्रसाद गुरुङ | नयाँशाक्ति पार्टी नेपाल | १०३ | |
| महिला सदस्य | विन्दु कार्की | नेपाली कांग्रेस | १७६३ | |
| महिला सदस्य | राधिकाकुमारी साही | एमाले | २९६० | निर्वाचित |
| महिला सदस्य | उमिला कार्की | माओवादी केन्द्र | ३९१ | |
| महिला सदस्य | पार्वतीकुमारी पाठक | जनमोर्चा | २८ | |
| महिला सदस्य | दुर्गादेवी लम्साल | नयाँ शक्ति पार्टी नेपाल | १२० | |
| दतिल महिला सदस्य | रेखा परियार | नेपाली कांग्रेस | १६९९ | |
| दलित महिला सदस्य | तारा परियार | एमाले | ३००९ | निर्वाचित |
| दलित महिला सदस्य | लालमाया विक | माओवादी केन्द्र | ३८१ | |
| दलित महिला सदस्य | अप्सरा कार्की | नयाँ शक्ति पार्टी नेपाल | ११४ | |

### २०७४ मा पोखरा महानगरपालिका वडा नम्बर १४ को चुनावी नतिजा

| पद | उम्मेदवार | पार्टी | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|
| वडाध्यक्ष | बोधबहादुर कार्की | नेपाली कांग्रेस | १६७४ | |
| वडाध्यक्ष | प्रेमबहादुर कार्की | नेकपा एमाले | १८०६ | निर्वाचित |
| वडाध्यक्ष | खड्कबहादुर विक | माओवादी केन्द्र | २५१ | |
| वडाध्यक्ष | अमृतबहादुर कार्की | राप्रपा | ४६५ | |
| वडाध्यक्ष | देवीलाल कँडेल | राष्ट्रिय जनमोर्चा | २७ | |
| वडाध्यक्ष | रामचन्द्र खड्का क्षेत्री | अखण्ड नेपाल | २१ | |
| वडाध्यक्ष | खड्कबहादुर कामी | नयाँ शक्ति पार्टी | ५३ | |
| वडाध्यक्ष | देवी थापा | स्वतन्त्र | ७ | |
| वडा सदस्य | दिवस कुँवर | नेपाली कांग्रेस | १३८७ | |
| वडा सदस्य | विष्णुप्रसाद पोखरेल | नेपाली कांग्रेस | ११६३ | |
| वडा सदस्य | जितेन्द्रजंग थापा | एमाले | १५०९ | निर्वाचित |
| वडा सदस्य | ढोलबहादुर गुरुङ | एमाले | १५०६ | निर्वाचित |
| वडा सदस्य | थमनबहादुर गुरुङ | माओवादी केन्द्र | २९० | |
| वडा सदस्य | शंकरदेवी पौडेल | माओवादी केन्द्र | २४६ | |
| वडा सदस्य | मनिप केसी | राप्रपा | १०८३ | |
| वडा सदस्य | राजेन्द्र भण्डारी | राप्रपा | ५४७ | |
| वडा सदस्य | पदमबहादुर कार्की | जनमोर्चा | १९ | |
| वडा सदस्य | खिमबहादुर सार्की | अखण्ड नेपाल | ५८ | |
| वडा सदस्य | देवीबहादुर बराल | अखण्ड नेपाल | १४ | |
| वडा सदस्य | नरमति लिम्बु | संघीय लोकतान्त्रिक मञ्च | ८ | |
| वडा सदस्य | नरबहादुर कामी | नयाँ शक्ति | ५७ | |
| वडा सदस्य | कुमारी लो तामाङ | स्वतन्त्र | ७ | |
| महिला सदस्य | इन्द्रमाया बानियाँ | नेपाली कांग्रेस | १६३६ | |
| महिला सदस्य | यसोदा केसी भट्टराई | एमाले | १७६० | निर्वाचित |
| महिला सदस्य | दिलमाया हमाल | माओवादी केन्द्र | ३०३ | |
| महिला सदस्य | शुष्मा त्रिपाठी | राप्रपा | ३५० | |
| महिला सदस्य | दुर्गाकुमारी गुरुङ | संघीय समाजवादी फोरम | ७४ | |
| महिला सदस्य | पिनाकला क्षेत्री | राष्ट्रिय जनमोर्चा | १४ | |
| महिला सदस्य | रमादेवी खड्का | अखण्ड नेपाल | ३३ | |
| दलित महिला सदस्य | सीता कार्की | नेपाली कांग्रेस | १३७२ | |
| दलित महिला सदस्य | सुन कमली कामी | एमाले | १७३९ | निर्वाचित |
| दलित महिला सदस्य | मसिना बसेल विक | माओवादी केन्द्र | २७२ | |
| दलित महिला सदस्य | शान्ति परियार | राप्रपा | ५५२ | |
| दलित महिला सदस्य | गोमा विक | अखण्ड नेपाल पार्टी | ३६ | |
| दलित महिला सदस्य | चन्द्रकला विश्वकर्मा | नयाँ शक्ति पार्टी | ५८ | |

### २०७४ मा पोखरा १८ को चुनावी नतिजा

| पद | उम्मेदवार | पार्टी | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|
| वडाध्यक्ष | भरतबहादुर थापा | नेपाली कांग्रेस | ९७१ | |
| वडाध्यक्ष | रणबहादुर थापा क्षेत्री | एमाले | १६७९ | निर्वाचित |
| वडाध्यक्ष | टीकाराम तिमिल्सिना | माओवादी केन्द्र | ३३३ | |
| वडाध्यक्ष | बलबहादुर खड्का | राप्रपा | ५५ | |
| वडाध्यक्ष | कुलबहादुर नेपाली | माले | १४ | |
| वडाध्यक्ष | वीरबहादुर थापा | अखण्ड नेपाल | १० | |
| वडाध्यक्ष | झपटबहादुर थापा | स्वतन्त्र | २१ | |
| वडाध्यक्ष | विष्णुप्रसाद अधिकारी | स्वतन्त्र | १३ | |
| वडा सदस्य | तुलबहादुर भुजेल | नेपाली कांग्रेस | १०१५ | |
| वडा सदस्य | तीर्थबहादुर थापा मगर | नेपाली कांग्रेस | ९८६ | |
| वडा सदस्य | हरिप्रसाद लम्साल | एमाले | १६०६ | निर्वाचित |
| वडा सदस्य | ज्ञानबहादुर थापा | एमाले | १५८९ | निर्वाचित |
| वडा सदस्य | भुपलबहादुर श्रेत्री | माओवादी केन्द्र | २६१ | |
| वडा सदस्य | दुर्गादत्त तिमलिसिना | माओवादी केन्द्र | २४८ | |
| वडा सदस्य | रामबहादुर तामाङ | राप्रपा | ६० | |
| वडा सदस्य | हर्कबहादुर तिमिल्सिना | राप्रपा | ५९ | |
| वडा सदस्य | कुलप्रसाद तिम्सिना | माले | १८ | |
| वडा सदस्य | नारायणबहादुर थापा | अखण्ड नेपाल पार्टी | १ | |
| वडा सदस्य | भरतबहादुर थापा | स्वतन्त्र | २८ | |
| महिला सदस्य | शोभादेवी तिमिल्सिना | नेपाली कांग्रेस | ९७१ | |
| महिला सदस्य | भोजकुमारी थापा | एमाले | १६०० | निर्वाचित |
| महिला सदस्य | हरिमाया गौतम | माओवादी केन्द्र | २९७ | |
| दतिल महिला सदस्य | सम्झना तिमिल्सिना | नेपाली कांग्रेस | १८७ | |
| दलित महिला सदस्य | सरला नेपाली | एमाले | १६७८ | निर्वाचित |
| दलित महिला सदस्य | विष्णुमाया दमै | माओवादी केन्द्र | २५८ | |
| दलित महिला सदस्य | सममाया चेकार | राप्रपा | ५९ | |
| दलित महिला सदस्य | सीता नेपाली | माले | १३ | |

## राशिफल



वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ▪ मित्र सहयोग, व्यापार व्यवसायबाट आम्दनी बढ्ला ।
- **वृष** ▪ जोश जागर बढ्नेछ, नयाँ कामको अवसर प्राप्त हुने ।
- **मिथुन** ▪ मन चञ्चल हुने, काम गरेर जश कमै मिल्नेछ ।
- **कर्कट** ▪ काम गर्न शारीरिक एवं मानसिक रुपमा कमजोर ।
- **सिंह** ▪ नयाँ कामको प्रस्ताव आउन सक्छ, आम्दानी बढ्ने ।
- **कन्या** ▪ गरेका कामबाट आफुलाई भन्दा अरुलाई बढि फाइदा ।
- **तुला** ▪ काममा आफुले ढिलो गर्दा अरुले फाइदा लिनेछन् ।
- **वृश्चिक** ▪ शारीरिक शिथिलता बढ्ने, काम गरेर जश नमिल्ने ।
- **धनु** ▪ न्यायिक, बैदेशिक तथा वितिय क्षेत्र मजबुत देखिन्छ ।
- **मकर** ▪ जीवन साथिको सहयोगमा गरेका काम सफल हुने ।
- **कुम्भ** ▪ अधिकाँश काम आफ्नै बाहुबलमा सम्पादन हुनेछन् ।
- **मीन** ▪ अनावस्यक खर्च वृद्धि, व्यापारमा घाटा, झुट्टा आरोप ।


## कर्मचारी आवश्यकता

यस **पिपल्स बचत तथा ऋण सहकारी संस्था लि.** को लागि तपशिलमा उल्लेख भए बमोजिमका योग्यता भएका कर्मचारीहरू आवश्यकता परेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट हस्तलिखित निवेदन, वायोडाटा, चारित्रिक प्रमाणपत्रको छायाँ कपि पासपोर्ट साइजको फोटोसहित मिति २०७९/०१/१६ गते भित्र निम्न उल्लेखित ठेगानामा दरखास्तको लागि आब्हान गरिन्छ ।

तपसिल

| क्र.स | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १. | प्रशासन/ लेखा/ कर्जा सहायक | २ जना | ➢ +२ तह उत्तीर्ण (स्नातक र अनुभवीलाई विशेष ग्राह्यता दिईने)<br>➢ कम्तिमा १ वर्षको (बैंक तथा सहकारी संस्थामा) वित्तीय अनुभव भएको<br>➢ सवारी चालक अनुमति पत्र भएको<br>➢ कम्प्युटर सम्बन्धी राम्रो अनुभव भएको |
| २. | कर्जा असुली सहायक | १ जना | ➢ +२ तह उत्तीर्ण (स्नातक र अनुभवीलाई विशेष ग्राह्यता दिईने)<br>➢ कम्तिमा १ वर्षको (बैंक तथा सहकारी संस्थामा) वित्तीय अनुभव भएको<br>➢ सवारी चालक अनुमति पत्र भएको<br>➢ कम्प्युटर सम्बन्धी राम्रो अनुभव भएको |

सेवा सुविधा तथा पारिश्रमिक : संस्थाको कर्मचारी प्रशासन नियमावली अनुसार हुने छ ।

**पिपल्स बचत तथा ऋण सहकारी संस्था लि.**
Peoples Saving & Credit Co-operative Society Ltd.
न्युरोड-८,पोखरा, कास्की फोन नं. ०६१-५८२८३६,५८६३३६
Email: peoples2069@gmail.com

## VACANCY ANNOUNCEMENT

**Saraswati Adarsha Vidyashram** is seeking for dynamic, energetic and self-motivated teachers for the academic year 2079.

| S.N. | Subject | Level | Qualification |
|---|---|---|---|
| 1. | Math | Secondary | Masters or equivalent |
| 2. | English | Secondary | Masters or equivalent |
| 3. | Computer | Primary / Lower Secondary | BSc / CSIT |
| 4. | English/ Social | Primary / Lower Secondary | Bachelor's or equivalent |

**Salary:** According to the school rules and regulations.

Qualified and interested candidates are requested to send their applications in the following address with a copy of their academic qualification, CV and a recent PP sized photograph within **15th of Baishak, 2079**. Preference will be given to the experienced one.

**Saraswati Adarsha Vidyashram**
Pokhara-19, Lamachaur
Only short listed candidates will be called for an interview.

## सेप्टी टंकी सफाई गर्नुपरेमा

सम्पर्क
9802815296
9802815293




### अर्जेन्ट चाहियो

सृजनाचोक स्थित नयाँ अफिसको लागि
साधारण- ५ जना
SEE- ५ जना
+2 above- ४ जना
तलबः १३,५००- १९,५०० सम्म
Contact:
98166-22792, 98462-58752
नोटः नयाँ अफिस भएकाले पहिला आउनेलाई प्राथमिकता ।

### तु आवश्यकता

१) लाइट ड्राइभर ५ वर्ष अनुभवी
२) फर्निचरमा वेन्स मिस्त्री–१, हेल्पर ३
३) फर्निचर सुपर भाइजर मो.सा. लाइसेन्स भएको–२
४) पारिश्रमिक आपसी समझदारीमा
थापा काष्ठ उद्योग
पोखरा–१, बगर (माछापुच्छ्रे बैंकसँगै)
९८५६०२२१६०, ९८४६०२११६०

### तु-आवश्यकता

बगर स्थित नयाँ अफिसको लागि कर्मचारी आवश्यकता
आ.संख्याः ७ लेडिज /जेन्स
योग्यताः Test, SLC, +2 above
तलबः १२,५०० देखि १८,५०० सम्म
सम्पर्कः 9846222719, 9821325720
नोटः टाढाबाट आउनेलाई गाडीभाडाको व्यवस्था छ ।

### चाहियो

वेगनास ताल, पामे र सराङ्गकोटमा रोपनी जग्गा चाहियो ।
चितवनमा ४० गठ्ठा जमिन बिक्रीमा
सम्पर्कः
९८४६०-४४१०५

### तु-आवश्यकता

वेटर–१ जना पुरुष
डिसवासर–१ जना पुरुष
कुक–१ जना
खान बस्न सुविधा भएको
सम्पर्क :
9816680515, 9841054199

### कर्मचारी आवश्यकता

पोखरा-८, न्यूरोडमा अवस्थित अतिव्यस्त रेष्टुरेन्टको लागि निम्न अनुसारका अनुभवी कर्मचारीको आवश्यकता ।
१) कुक नेपाली / इण्डियन - ३ जना
२) वेटर (अनुभवी)- लेडिज/जेन्स -४ जना
३) किचन हेल्पर (अनुभवी) - २ जना
४) डिस वासर लेडिज/जेन्स - २ जना
सम्पर्कः ९८०६६-२२२४२
जीवन शर्मा

### तु बिक्रीमा

पोखरा सेदी १८ पामे जाने बाटोमा रहेको चालु अवस्थामा रहेको रेष्टुरेण्ट सुपथ मूल्यमा बिक्रीमा छ ।
सम्पर्क :
9846394638
9806525122

### आवश्यकता

कुक- २ जना (ईण्डियन, नेपाली)
कुक-२ जना (चाईनिज, कन्टिनेन्ट)
मेनेजर- १ जना
क्याप्टेन - २ जना
वेटरद्द ४ जना
सम्पर्कः
लाल्टिन रिसोर्ट प्रा.लि.
सम्पर्क नं.: ९८१६१-०७८७९

# होमस्टे सञ्चालकलाई तालिम

**समाधान संवाददाता**
स्याङ्जा, ११ वैशाख

स्याङ्जाको पुतलीबजार नगरपालिका ९ कोल्मामा रहेको पोखरीछाप सामुदायिक होमस्टेका सञ्चालकलाई पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) ले क्षमता अभिवृद्धि तालिम दिएको छ । टेवानले पर्यटन बोर्डको सहयोगमा शुक्रबार र शनिबार पोखरीछापमा कार्यक्रम आयाजना गरी होमस्टे व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरेको हो ।

तालिममा पोखरा पर्यटन परिषद्का सचिव एवं गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशका संस्थापक अध्यक्ष तारानाथ पहारीले आतिथ्य सत्कार, स्वच्छ र अर्ग्यानिक खाना, रैथाने संस्कृति जगेर्नाको बारेमा सहजीकरण गरे । उनले पर्यटकले खोज्ने सेवा, सुविधाको माग परिवर्तित भइरहेको अवस्थामा सोहीअनुरुप होमस्टेलाई स्तरोन्नति गर्दै लैजानुपर्ने बताए । 'स्थानीय संस्कृतिको जगेर्ना महत्त्वपूर्ण पाटो हो,' उनले भने, 'गाउँमा आउने पाहुनालाई ऐतिहासिक पर्यटकीय स्थलको बारेमा जानकारी गराउने, गाउँमै उत्पादिन खान्की खुवाउने हो भने होमस्टे दिगो हुन्छ ।'

स्थानीयसँगको अन्तर्क्रियामा नेपाल एसोसियसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीका नवनिर्वाचित अध्यक्ष हरिराज अधिकारीले गाउँमा रहेका ऐतिहासिक र सांस्कृतिक सम्पदाको संरक्षण गर्न विशेष जोड दिए । गाउँमै कोसेली घर बनाएर स्थानीय उत्पादन बिक्री वितरण गर्न सके आम्दानीको स्रोत वृद्धि हुने उनको भनाइ थियो । 'कुनै गाउँमा पाहुना पुग्दा त्यहाँबाट घरमा र साथीसंगीलाई के कोसेली लैजाने भन्ने हुन्छ,' उनले भने, 'गाउँभरिको उत्पादन एक ठाउँमा केन्द्रित गरेर बिक्री गर्न सक्ने स्थानीयको आम्दानी बढ्छ ।'

टेवान अध्यक्ष रेनु थापामगरले होमस्टे सञ्चालकको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले तालिम आयोजना गरिएको बताइन् । पर्यटनको माध्यमबाट समृद्धि हासिल गर्ने सरकारको समेत लक्ष्य रहेको अवस्थामा गाउँ पर्यटनलाई जोड दिन पोखरीछाप रोजेको उनले जनाइन् । टेवानकी महासचिव शोभा पाण्डेले पोखरीछापमा कृषि पर्यटनको समेत सम्भावना रहेको उल्लेख गरिन् । कार्यक्रम संयोजक सरिता बराल क्षेत्रीले पोखरीछापको आतिथ्यता र आत्मीयताले अविष्मरणीय रहेको बताइन् ।

ऐतिहासिक कोल्माकोटको काखमा रहेको गुरुङबस्ती पोखरीछाप मिलिनियम ट्रेक अन्तर्गत पर्दछ । स्याङ्जाको पुतलीबजार वा तनहुँको दुलैगौंडा हुँदै पोखरीछाप पुग्न सकिन्छ । मिलिनियम ट्रेक व्यवस्थापन समिति अध्यक्ष नवीनप्रकाश गुरुङका अनुसार पोखरीछाप र मुलाबारीका २० घरले होमस्टे सञ्चालन गरेका छन् । होमस्टेमा आउने पाहुनालाई गाउँकै उत्पादन खुवाइन्छ । साँझको सांस्कृतिक कार्यक्रममा घाँटु र झोर्रा नाच देखाइन्छ । 'यहाँको विशेषता नै सांस्कृति पर्यटन हो,' उनले भने, 'सँगसँगै ऐतिहासिक कोल्माकोट, कन्यादेवि मन्दिर, गुफा पनि पर्यटकीय आकर्षणको केन्द्र हुन् ।' कृषिमा समेत पोखरीछाप अगाडि रहेको उनले सुनाए ।

पोखरीछाप सामुदायिक होमस्टेका अध्यक्ष मीनबहादुर गुरुङले १ रातमा ५० जनासम्म पाहुनालाई राख्न सकिने बताए । हाल गाउँमा आन्तरिक पर्यटक गाउँमा पुग्ने गरेको र फाट्टफुट्ट विदेशी पर्यटकसमेत मिलिनियम ट्रेक हुँदै आउने गरेको उनले सुनाए । पर्यटन पोखरीछाप सांस्कृतिक समूहकी अध्यक्ष तिलकुमारी गुरुङले टेवानको तालिम निकै फलदायी भएको बताइन् ।

# नेकपा लोघेकर अध्यक्षमा एसबाट देव

**समाधान संवाददाता**
जोमसोम, ११ वैशाख



स्थानीय तह निर्वाचन २०७९ का लागि नेपाली कांग्रेस, माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी(एस) पार्टीको ३ दलीय गठबन्धन दलले मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकाको अध्यक्ष पदमा देवबहादुर गुरुङलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

नेपाली कांग्रेस र नेकपा एमालेको वर्चश्व रहेको मुस्ताङमा कांग्रेस लोघेकर दामोदरकुण्ड गाउँपालिकाको अध्यक्ष पदमा एकीकृत समाजवादीका उम्मेदवार देव गुरुङलाई उम्मेदवार बनाउन सहमत भएको हो ।

एकीकृत समाजवादीबाट लोघेकर दामोदरकुण्ड गापाको अध्यक्ष पदमा आफूले उम्मेदवारी दिने तयारी गरेको एकीकृत समाजवादीका जिल्ला नेता गुरुङले जानकारी दिए । नेकपा एमाले मुस्ताङको एक कार्यकाल उपाध्यक्ष र एक कार्यकाल सचिवसमेत भएका गुरुङ पछिल्लो समय नेकपा एकीकृत समाजवादी पार्टीमा प्रवेश गरेका थिए । उनी उपल्लो मुस्ताङ यातायात व्यवसायी प्रालिका अध्यक्ष र पूर्व शिक्षक हुन् ।

स्नाकोत्तरसम्म अध्ययन गरेका गुरुङले २४ वर्ष शिक्षण गरेका थिए । उनी अवकाश प्राप्त गरी यातायात व्यवसायमा संग्लन भएका हुन् । मुस्ताङमा कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीको चुनावी गठबन्धन भए पनि जिल्लाका ५ स्थानीय तहका अधिकांश स्थानमा नेपाली कांग्रेसले उम्मेदवार पाएको छ ।

# नबिलको शाखा मालेपाटनमा

पोखरा, ११ वैशाख (समाधान)- नबिल बैंक लिमिटेडले मालेपाटनमा शाखा सञ्चालनमा ल्याएको छ । शाखाको आइतबार पोखरा ५ का वडाध्यक्ष एवं महानगरका प्रवक्ता धनबहादुर नेपालीले उद्घाटन गरे ।

उनले बैंकहरुले उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्नेमा जोड दिए । नेपालीले कृषि क्षेत्रको समृद्धिका लागि बैंकले गरेको सेवा प्रवाह स्वागत योग्य भएको बताए ।

बैंकका निर्देशक आशा राणा अधिकारीले कृषि तथा महिला उद्यमीका लागि बैंकले विशेष कर्जा प्रदान गर्दै आएको बताइन् । बैंकका गण्डकी प्रदेश प्रमुख सूर्यबहादुर रोकाले विगत ३७ वर्षदेखि ग्राहककै विश्वासका कारण नेपालकै अग्रणी बैंक बन्न सफल भएको बताए ।

# नोकियामा १ वर्षको रिप्लेसमेन्ट वारेन्टी

**समाधान संवाददाता**
पोखरा, ११ वैशाख



अब नेपाली उपभोक्ताले नोकिया बार फोन किनेको १ वर्षसम्म रिप्लेसमेन्ट वारेन्टी पाउने भएका छन् । नोकिया फोनको उत्पादक एचएमडी ग्लोबलले किनेको १ वर्षसम्म फोनमा कुनै पनि प्राविधिक समस्या आएमा साट्न सकिने जानकारी दिएको हो ।

टिकाउपन र भरपर्दो ब्याट्री लाइफमा नोकिया परिचित छ । उपभोक्ताको यो विश्वासलाई कायम राख्न र आफ्नो ब्रान्ड लोयल्टी अझै बढाउन नोकियाले रिप्लेसमेन्टको सुविधा ल्याएको हो ।

यो क्याम्पेन अन्तर्गत उपभोक्ताले अधिकारिक वितरक र सोरुममा गएर आफ्नो पुरानो नोकिया बार नयाँ फोनसँग साट्न सक्नेछन् । यो योजना नोकियाको १०५, ११०, ५३१०, ६३१०, १५०, २१० र १२५ मोडलमा लागु हुनेछ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण सम्बन्धी सूचना !

पोखरा महानगरपालिका वडा नं. १५ जाल्पा मार्ग र वडा कार्यालय अगाडि हुँदै सेन्टमेरिज चोकसम्म नाला निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम**: जाल्पा मार्ग र वडा कार्यालय अगाडि हुँदै सेन्टमेरिज चोकसम्म नाला निर्माण उपभोक्ता समिति

| | |
|---|---|
| योजनाको कुल लागत | : रु १२,५२,६१०।२० |
| योजना सम्झौता मिति | : २०७८/०९/३० |
| योजना सुरु हुने मिति | : २०७८/१०/०१ |
| योजना सम्पन्न हुने मिति | : २०७८/१२/१५ |
| योजना सम्पन्न मिति | : २०७९/०१/०५ |
| महानगरपालिकाबाट प्राप्त हुने रकमः | : रु. १०,००,०००।- |
| उपभोक्ता (जनसहभागिता) बाट | : रु. २,५२,६१०।२० |

**राम कार्की**
अध्यक्ष
**जाल्पा मार्ग र वडा कार्यालय अगाडि हुँदै सेन्टमेरिज चोकसम्म नाला निर्माण उपभोक्ता समिति**
पोखरा-१५

Province Government
**Ministry of Youth And Sports**
Gandaki Province
Pokhara, Nepal

## INVITATION FOR BIDS

Date of Publication: 2079/01/12 BS

1. The Ministry of Youth And Sports, Kaski invites electronic bids from Nepalese eligible bidders for the various works.

| S. N | Contract No/ Bid No | Description of Works | Bid Security (NRs) | Bid Price (NRs) | Remarks (Estimated Amount) |
|---|---|---|---|---|---|
| 1. | MOYSG/ NCB/W/ 01/2078/79 | Upgrading Of Solar Lighting System at Pokhara Rangashala, Kaski | 87,000.00 | 3,000.00 | 34,67,302.41 (Excluding VAT), Single Stage, One Envelope Bidding Procedure |

2. Pre bid meeting date: 2079/02/01 at 13:00 Hrs.
3. Bid Submission date: 2079/02/11 till 12:00 Hrs, Bid Opening Date: 2079/02/11 at 13:00 Hrs.
4. For all other details, please refer to the complete set of bidding documents at Ministry of Youth And Sports, Kaski, Telephone: +977-061-590242, and email address: - moys.gandaki@gmail.com or through website www.bolpatra.gov.np/egp.

| S. N | Contract No/ Bid No | Description of Works | Bid Security (NRs) | Bid Price (NRs) | Remarks (Estimated Amount) |
|---|---|---|---|---|---|
| 2. | MOYSG/ SQ/G/ 03/2078/79 | Supply and Installation of Martial Art Ring at Pokhara Stadium | 43,000.00 | 1000.00 | 15,30,000.00 (Excluding VAT), SQ - REBID |

1. Bid Submission date: 2079/01/26 till 12:00 Hrs, Bid Opening Date: 2079/01/26 at 13:00 Hrs.
2. For all other details, please refer to the complete set of bidding documents at Ministry of Youth And Sports, Kaski, Telephone: +977-061-590242, and email address: - moys.gandaki@gmail.com or through website www.bolpatra.gov.np/egp.

**Ministry of Youth And Sports**
**Gandaki Province**

# हार्दिक श्रद्धाञ्जली

**नमो बुद्धाय... नमो धर्माय... नमो संघाय ।**
**सुगतिसहित निर्वाण लाभको कामना ।।**

**जन्म :**
**२०१७ पौष १५ गते**



**स्वर्गारोहण :**
**२०७८ बैशाख २३ गते**

**स्व. कृष्णमान गुभाजू**

हाम्रा पूज्यनीय पति/पिता/भाइ/दाजु/काका/हजुरबुवा दिवंगत **कृष्णमान गुभाजू**को असामयिक निधन भएको आज (दशमी तिथि, २०७९/०१/१२) वार्षिक पुण्य तिथिमा वहाँप्रति **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दै सुखावती भुवनमा वास होस भनी कामना गर्दछौं।

वहाँले आफ्नो जीवनमा धार्मिक, सामाजिक, सांस्कृतिक एवं राजनीतिक क्षेत्रमा उल्लेखनीय सेवा गर्नुभएको थियो। वहाँले कतिपय संस्थाहरुको नेतृत्व तहमा रही महत्वपूर्ण योगदान गर्नुभएको थियो। वहाँले गर्नुभएको पुण्य कार्य हाम्रो मानस पटलमा सदा ताजा रहिरहने छ । वहाँको अभाव जीवन पर्यन्त रहिरहने छ । वहाँले गर्नुभएको ती सबै सेवा, योगदान र पुण्य कार्यहरु उहाँको निर्वाणको हेतु बनोस् भन्ने कामना गर्दछौं।

यस अति कठिन र दुःखद घडीमा हामीमा शोक तथा समवेदना प्रकट गर्नुहुने समस्त कुल-कुटुम्व, आफन्तजन, संघसंस्थाहरुप्रति आभार व्यक्त गर्दै हार्दिक धन्यवाद अर्पण गर्दछौं। साथै हाम्रो प्रकाशन **"कृष्णमान गुभाजू स्मृति ग्रन्थ"** का लागि आफ्ना अमूल्य लेख रचनाहरु पठाएर सहयोग गर्नुहुने सबै मान्यजनहरुप्रति आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछौं।

**भवदीय**
**पत्नी :सरिता गुभाजू**

**छोरा/बुहारी :** समीरमान/स्वेच्छा गुभाजू, आयूषमान गुभाजू

**नाति** रियान्समान गुभाजू

**छोरी/छोरी ज्वाई:** विनीता/निपेन्द्र शाक्य

**दाजु/भाउजू :** महेन्द्रमान/अशोकलक्ष्मी गुभाजू

**भाइ/बुहारीहरु:** पवनमान/बुद्धलक्ष्मी गुभाजू, विमलमान/सुजाता गुभाजू

**बहिनी/ज्वाईं :** रजनी/सुरेन्द्र माकाजू

**तथा सम्पूर्ण गुभाजू परिवार, मोहरियाटोल, पोखरा-१**

# पोखरा स्पोर्ट्स अवार्ड असारमा

पोखरा, ११ वैशाख (समाधान)- नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा छैटौं संस्करणको पोखरा स्पोर्ट्स अवार्ड २०७८ आगामी असार पहिलो हप्ता हुने भएको छ । खेलकुद पत्रकार मञ्च गण्डकीले नयाँ नेतृत्व पाएपछि बसेको दोस्रो बैठकबाट पोखरा स्पोर्ट्स अवार्ड २०७८ आगामी असार पहिलो हप्ता गर्ने निर्णय गरी तयारी सुरु गरिएको मञ्च महासचिव राजाराम पौडेलले जानकारी दिए ।

अवार्ड कार्यक्रमलाई भव्य बनाउन सबैको साथ, सहयोग आवश्यक रहेको अध्यक्ष दीनानाथ बरालले बताए । 'हामीले छैटौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डलाई उत्कृष्ट बनाउन तयारी सुरु गरेका छौं,' उनले भने । मञ्चले लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र उत्कृष्ट खेल पत्रकारलाई अवार्ड वितरण गर्ने छ ।

मञ्चको दोस्रो बैठकबाट आगामी जेठमा हुने तय भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गरेर राष्ट्रिय स्तरको बृहत छलफल कार्यक्रम गर्ने निर्णयसमेत भएको छ । छलफल कार्यक्रम जेठ पहिलो हप्ता हुनेछ । मञ्चले पूर्व अध्यक्ष विनोद लामिछानेलाई सल्लाहकार चयन गरेको छ ।

# 'आचारसंहिता नैतिक बन्धन'

**समाधान संवाददाता**
पोखरा, ११ वैशाख




१६ औं लोकतन्त्र दिवसको अवरसमा मानव अधिकार तथा शान्ति समाज कास्कीले आइतबार निर्वाचन आचारसंहितासम्बन्धी प्रशिक्षण आयोजना गरेको छ । 'मानव अधिकार, शान्ति, लोकतन्त्र र अहिंसा, गुणस्तरीय स्वास्थ्य सेवा र वैज्ञानिक शिक्षा: सबैको अधिकार' भन्ने नाराका साथ भएको कार्यक्रममा नयाँ वर्ष २०७९ को शुभकामना आदानप्रदान गर्नुको साथै भित्तेपात्रो सार्वजिनक गरिएको छ ।

गण्डकी प्रदेश निर्वाचन कार्यालयका प्रदेश निर्वाचन अधिकारी हुमनाथ पराजुलीले आचारसंहिता स्वनियन्त्रण गर्ने नैतिक बन्धन भएको बताए । 'आचारसंहिता सरोकारवालाले स्वअनुशासनमा रहेर परिपालना गर्ने सवाल हो,' उनले भने, 'एउटाले उल्लघंन गर्ने र अर्कोले दण्ड दिने विषय होइन ।' उनले निर्वाचन आचारसंहिताको उल्लघंन भएमा सचेत नागरिकले स्मार्ट फोनबाट फोटो भिडियो खिचेर उजुरी दिन सकिने बताए । उनले निर्वाचन खर्चको बारेमा जथाभावी बोल्ने दलका नेतालाई स्पष्टिकरण सोधेको जानकारी दिए ।

प्रदेश निर्वाचन अधिकारी पराजुलीले आम नागरिक शिक्षित र सचेत भएको खण्डमा निर्वाचन स्वच्छ र निश्पक्ष बनाउन सहयोग पुग्ने दाबी गरे । उनले राजनीतिक दलका कार्यकर्ता र विवादित व्यक्तिले निर्वाचन पर्यवेक्षण गर्न नपाइने उल्लेख गरे । मतदानको अवधिमा अवाञ्चित क्रियाकलाप भए टिपोट गरेर घटना विवरण संकलन गर्न पर्यवेक्षकलाई सुझाव दिदै उनले तत्काल सुधार गर्ने विषय भए मतदान अधिकृतलाई सुझाव दिन सकिने बताए ।

शान्ति समाज कास्कीका सल्लाहकार सूर्यप्रसाद ढकालले शान्ति समाजले स्वच्छ निश्पक्ष निर्वाचनको लागि पर्यवेक्षणको काम गर्दै आएको बताए । उनले सरकारी अनुदान तथा वैदेशिक सहयोग विना शान्ति समाजले मानव अधिकारको प्रवर्द्धनको काम गरेको जानकारी दिए । कार्यक्रममा पत्रकार श्याम कुँवर, मानव अधिकार तथा शान्ति समाज कास्की सभापति तीर्थराज न्यौपाने, सचिव सावित्री शर्मा, भित्तेपात्रो प्रकाशन समिति संयोजक झलकप्रसाद तिवारी लगायतले स्थानीय निर्वाचन र आचारसंहिताका बारेमा बोलेका थिए ।

# लोमान्थाङबाहेक अरु पालिकामा शून्य उम्मेदवारी

**सुन्दरकुमार थकाली**
जोमसोम, ११ वैशाख

स्थानीय तह निर्वाचनका लागि निर्वाचन आयोगले आइतबार र सोमबार उम्मेदवारी दर्ता गर्ने समय तोकेको छ । आइतबार मुस्ताङको लोमान्थाङ गाउँपालिकाबाहेक ४ स्थानीय तहमा कुनै पनि राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले मनोनयन दर्ता गराएनन् ।

यहाँको धार्मिक, सांस्कृतिक मान्यता अनुसार आइतबार शुभसाइत नमानिने भएकाले उम्मेदवारी दर्ता हुन नसकेको हो । पहिला दिन मुख्य निर्वाचन कार्यालयसहित ५ वटै निर्वाचन अधिकृत कार्यालय बिहान १० बजेदेखि साँझ ५ सम्म खुला थिए । निर्वाचन अधिकृत र कर्मचारी मनोनयपत्र दर्ता गर्न प्रतीक्षारत भए पनि लोमान्थाङ गाउँपालिका बाहेक अन्य पालिकामा कुनै उम्मेदवारी दर्ता हुन नसकेको मुख्य निर्वाचन अधिकृत रोमाकान्त ज्ञवालीले जानकारी दिए ।

लोमान्थाङ गाउँपालिकामा नेपाली कांग्रेसका २३ उम्मेदवारले उम्मेदवारी दर्ता गरेको लोमान्थाङका निर्वाचन अधिकृत घनश्याम सुवेदीले जानकारी दिए । कांग्रेसले अध्यक्ष र उपाध्यक्षसहित २३ पदमा उम्मेदवारी दर्ता गराएको छ । कांग्रेसले ४ वटा वडामा दलित सदस्यमा उम्मेदवारी दर्ता नगरी बाँकी पदमा उम्मेदवारी दिएको निर्वाचन अधिकृत सुवेदीले उल्लेख गरे ।

एमालेले सोमबारमात्रै मनोनयपत्र दर्ता गर्ने बुझिएको छ । राजनितिक दलका प्रतिनिधिले मनोनयनपत्र दर्ता गर्ने फाराम र निर्वाचनमा मनोनयनपत्र दर्ता गर्ने प्रक्रियाका बारेमा निर्वाचन अधिकारीहरुसँग परामर्श भने लिएको सहायक निर्वाचन अधिकृत गौरीनाथ आचार्यले जानकारी दिए ।

# चुनाव जितेर विश्व रेकर्ड राख्ने चाहना

**समाधान संवाददाता**
काठमाडौं, ११ वैशाख

ललितपुरको हनुमानथाननजिकै एउटा किराना पसलअगाडि उभिइरहेका थिए, ८१ वर्षे नरसिंह ब्यञ्जनकार । आइतबार दिउँसो वडाध्यक्ष पदमा उम्मेदवारी मनोनयन दर्ता गरी फर्केका उनको अघिपछि कोही देखिदैनथे ।

नरसिंह उभिएको ठाउँबाट १० मिटरजति दक्षिणमा कांग्रेसको चुनाव प्रचारप्रसार कार्यालयमा ठूलै भिडभाड थियो । उनले कुनै दलबाट नभई स्वतन्त्र हैसियतमा उम्मेदवारी दिएका छन् । २०२९ सालयता ललितपुर महानगरपालिका वडा नम्बर १० मा ब्यञ्जनकारले कसैलाई चुनाव जित्न दिएका छैनन् । यसपालि उनी विश्राम लिन चाहन्थे । तर, एक शुभचिन्तकले उनलाई विश्व कीर्तिमानबारे बताए ।

'लगातार ३५ वर्ष चुनाव जितेर जनताको सेवा गर्नेको नाम गिनिज बुक अफ वर्ल्ड रेकर्डमा छ । यसपालि तपाईंले चुनाव जित्नुभयो भने त्यो तोडिनेछ', शुभचिन्तकले भनेका कुरा सुनाउँदै ब्यञ्जनकारले भने, 'लामो समय स्थानीय निर्वाचन हुन नसकेकाले मेरो अलि पुगेन कि भन्ने छ । यसपालि जितेँ भने विश्व रेकर्ड हुन्छ रे ।'

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठदेखि वडाकै युवाहरूले फेरि मैदानमा आउन सुझाएकाले आफू तयार भएको उनले बताए । भोट माग्न उनी तामझामसहित घरदैलो गर्ने योजनामा छैनन् । भन्छन्, 'मैले जेजति काम गरेँ । त्यो जनतालाई थाहा छँदैछ । मैले भोटका लागि योग्य काम गरेको छु । अरूले नै मागिदिन्छन्', उनी ढुक्क सुनिए ।

२०७४ सालको चुनावमा स्वतन्त्र उठेका नरसिंहले कांग्रेसका कर्मलाल ब्यञ्जनकारलाई हराएका थिए । नरसिंह ६ सय ६७ मतका साथ विजयी हुँदा उनका प्रतिद्वन्द्वी कर्मलालले ६ सय २ मत पाए । नरसिंहकै माइला बाको छोरा हुन्, कर्मलाल । यसपालिको चुनावमा कांग्रेसबाट नरसिंहका प्रतिस्पर्धी आफ्नै भतिज हुनेछन् ।

उनी भन्छन्, 'यो राजनीति मलाई मनै पर्दैन । जनतालाई ढाँट्ने, परिवार नै फुटाइदिने गर्छन् ।' कुनै बेला कांग्रेसबाटै टिकट पाएर जितेका उनले ललितपुर १० मा कांग्रेसलाई सधैं निराश पार्दै आएका छन् । २०२९ सालदेखिको अपराजित यात्रा यसपालि अन्तिम पल्टलाई कायम गर्न चाहन्छन् उनी ।

२०२९ सालअघि उनी व्यापार र ठेक्कापट्टा गर्थे । २०२६ सालतिर राजा वीरेन्द्रको विवाहमा क्वार्टर बनाएको पैसा नपाएपछि उनी बिरक्तिए । दरबारमा त्यसबेलाका हाकिमलाई उनले रकम निकासाका लागि अनुरोध गरे । तत्कालीन राजासमक्ष बिन्ती चढाए । तर पाउनुपर्ने एक लाखभन्दा बढी रकम नदिइएपछि ठेक्कापट्टाबाट हात झिके । अनि त्यो बेला वडाका हर्ताकर्ता देवेन्द्रलाल अमात्यको पछि लागे ।

वडाअध्यक्षमा उठ्न लागेका देवेन्द्रलाललाई सघाउन नरसिंह खटेका थिए । तर चुनाव प्रचारप्रसार गर्दै जाँदा देवेन्द्रलालले केही अपशब्द बोले । उनले त्यो नभनौँ भन्दा पनि मानेनन् । त्यसपछि आफैं चुनावी मैदानमा उत्रिएका नरसिंहले जिते । त्यसपछि उनले कहिल्यै पछाडि फर्केर हेर्नुपरेन । भन्छन्, 'म राजनीति होइन, जनताको सेवा गर्छु । त्यसैले मलाई जनताले जिताउँछन् ।'

उनी पढेलेखेका छैनन् । तर प्रगतिशील विचारमा विश्वास राख्छन् । २०३६ सालमा बहुदललाई साथ दिन उनले वडाध्यक्ष पद त्यागेका थिए । 'मैले कसैको गुलामी गरिनँ । जनताको पक्षमा हुने निर्णय र फैसलाको पक्षमा उभिएँ । कसैसित सम्झौता पनि गरिनँ', उनले सुनाए ।

# सर्वेश्वरमा शुभकामना

पोखरा, ११ वैशाख (समाधान)- पोखराको चिप्लेढुंगा स्थित सर्वेश्वर ब्यवसायी समितिले नयाँ वर्ष २०७९ को उपलक्ष्यमा शुभकामना आदानप्रदान तथा व्यवसायीबीच मैत्रिपूर्ण फुटसल आयोजना गर्‍यो ।

समितिको वार्षिक कार्यक्रम अन्तर्गत पोखरा गणेश टोल स्थित स्पोर्ट क्यासलमा भएको कार्यक्रममा पोखरा ४ का वडाध्यक्ष शंकर बास्तोलाले व्यवसायीको हकहितका वडा कार्यालय प्रतिवद्ध रहेको बताए । उनले वडा गर्न धेरै काम गर्न बाँकी रहेकोले फेरि आफ्नै नेतृत्व आवश्यक रहेको जिकिर गरे ।

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पवनकुमार प्रजापतिले संघले वयवसायीको हक, अधिकारका लागि विभिन्न कार्य गर्दै आएको बताए । सर्वेश्वर व्यवसायी समिति पोखरा ४ का अध्यक्ष बालकृष्ण भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा महासचिव मुक्तिराम दाहाल, उपमहासचिव माधवराज बराल लगायतले बोलेका थिए ।

# मिजार समाजमा सम्मान



**समाधान संवाददाता**
पोखरा, ११ वैशाख

मिजार समाज कास्कीले समाजका २ सदस्यलाई सम्मान गरेको छ । डा एलिसा सुर्खेती र अधिवक्ता विनिता नेपालीलाई समाजले शनिबार आयोजित कार्यक्रममा सम्मान गरेको हो ।

मिजार समाज कास्की अध्यक्ष उमेश सिकेको अध्यक्षतामा भएको कार्यक्रममा मिजार समाज नेपालका संस्थापक सदस्य सनकमान सिके, माछापुच्छ्रे गुठीका अध्यक्ष शालिकराम नेपाली, सचिव सोम नेपाली, सल्लाहकार रामबहादुर बल्कुटी लगायतले बोलेका थिए ।

सम्मानित व्यक्तित्व सुर्खेती र नेपालीले आफ्नो समाज यसरी सम्मान गर्दा गौरव बोध भएको सुनाए । उनीहरुले आफ्नो समुदायको उत्थानका लागि योगदान गर्ने प्रतिवाद्धतासमेत गरे ।



**राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको मध्यपहाडी पुष्पलाल लोकमार्गको बागलुङ खण्डको बोक्सेमा कालोपत्रेका लागि बेस सम्माउँदै । अहिले लोकमार्गको बागलुङ खण्ड धमाधम कालोपत्रे भइरहेको छ ।** *तस्बिर: खेमराज गौतम/ रासस*

# अभियान क्लबको पात्रो

पोखरा, ११ वैशाख (समाधान)-पोखरा ५ मा अवस्थित अभियान युवा क्लबले २०७९ सालको क्यालेन्डर प्रकाशन गरेको छ । शनिबार क्यालेन्डर विमोचनसहित शुभकामना गरिएको छ ।

प्रहरी निरीक्षक लालबहादुर बस्नेत, जिल्ला प्रहरी कार्यालय कास्कीका वरिष्ठ प्रहरी नायब निरीक्षक होतबहादुर रोकाहा, ट्राफिक प्रहरी बिट प्रस्याङ प्रमुख उज्ज्वल चिलवाल, अभियान युवा क्लबका अध्यक्ष राजु गिरी, सामुदायिक प्रहरी सेवा केन्द्र बैदामका सूर्यबहादुर केसी, अभियान महिला समूहकी अध्यक्ष लक्ष्मी शर्मा, अभियान महिला समूहकी पूर्व अध्यक्ष शर्मिला केसी, अभियान युवा क्लबका पूर्व अध्यक्ष मोहनबहादुर केसी लगायतले पात्रो सार्वजनि गरे ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका वरिष्ठ प्रहरी नायब निरीक्षक होतबहादुर रोकाहा र अभियान महिला समूहकी पूर्व अध्यक्ष शर्मिला केसीलाई सम्मान गरियो । समारोहमा क्लबका सदस्य राजेन्द्र खत्री र सहसचिव जीवन आचार्यले पनि बोलेका थिए ।

## VACANCY ANNOUNCEMENT!!!

**Pokhara Public School,** one of the well-established school in Pokhara Valley is seeking dynamic, energetic and well qualified candidates for the following posts.

| S.N | Subject | Level | Req. No. | Qualification |
|---|---|---|---|---|
| 1. | English | Secondary | 1 | M.A./M.Ed. or equivalent |
| 2. | Nepali | Secondary | 1 | M.A./M.Ed. or equivalent |
| 3. | Computer | Basic (Up to Grade 8) | 1 | B.A. /B.Ed. or equivalent |
| 4. | Math | Basic (Grade 2-5) | 1 | B.A. /B.Ed. or equivalent |
| 5. | Science | Basic (Grade 2-5) | 1 | B.A. /B.Ed. or equivalent |
| 6. | English/ Social | Basic (Grade 2-5) | 1 | B.A. /B.Ed. or equivalent |

- Candidates should have at least two years' experience.
- Nepali Teacher should have at least two years' experience teaching in class 11 and 12.
- Fluency in spoken and written English is a must.
- Remuneration: Negotiable
- Candidates should submit their hand written application and other required testimonials by or before **12th Baisakh.**
- Only short listed applicants will be called for interview and class observation.

For more details:
**Pokhara Public School**
**Swagatnagar, Chauthe, Pokhara-14, Ph.No. 061-5012222, 501233**
**Email: pokharapublic2051@gmail.com**

# डिसहोमको क्याम्पस वाइफाइ सोलुसन्स

**समाधान संवाददाता**
काठमाडौं, ११ वैशाख

डिसहोम फाइबरनेटले धेरै मानिस भएको क्षेत्रका लागि उपयोगी हुने इन्टरनेट प्रविधि क्याम्पस वाइफाइ सोलुसन बजारमा ल्याएको छ । भृकुटीमण्डपमा जारी सुचना प्रविधि मेला 'क्यान इन्फोटेक'मा शनिबार यो प्रविधिको कम्पनीले लन्च गरेको हो ।

कम्पनीका प्रवन्ध निर्देशक सुदीप आचार्यले डिसहोम फाइबल नेटको स्टलमा आयोजित कार्यक्रममा सिक्सजी प्रविधिमा आधारित ह्वावे प्रविधिको राउटर लन्च गरे ।

आचार्यले डेढ वर्षको छोटो अवधिमा डिसहोम फाइबरनेटका १ लाख २० हजार ग्राहक पुगेको बताए । डाइरेक्ट टु होम प्रविधिमा टेलिभिजन सुरु गर्दा पनि आफूहरुले भविश्य हेरेर नै गरेको र सो प्रविधि अहिले लोकप्रिय रहेको उदाहरण दिँदै उनले क्याम्पस वाइफाइ सोलुसन्स पनि उपभोक्ताको आवश्यक र रुचिमा पर्ने विश्वास व्यक्त गरे ।

क्याम्पस वाइफाइ सिक्स विशेषगरी धेरै मानिस काम गर्ने बैंक, बीमा, सरकारी कार्यालय, विद्यालय तथा क्याम्पस, होटल, रेस्टुरेन्ट आदि जस्ता शैक्षिक संस्था, विज्ञान तथा अनुसन्धानमूलक संस्था, व्यवसायिक संस्था, सुपरमार्केट, रंगशालाका लागि उपयोगी हुन्छ । उच्च क्षमताको यो वायरलेस प्रविधिले एकल नेटवर्कमा विशेष क्षेत्रभित्र सिग्नल फैलाउन सशक्त भूमिका खेल्छ ।

यसका लागि आउने एक्सेस प्वाइन्ट डिभाइस (एपी) धेरै प्रकारका हुन्छन् । यो वाइफाइ सिक्स प्रविधिमा आधारित भएकाले यसमा एआई (आर्टिफिसियल टेक्नोलोजी) पनि हुन्छ । एआईले ब्यान्डविथलाई अटो क्याप गरिदिने भएकाले चलिरहेको कुनै वेबसाइट, भिडियो अवरुद्ध हुन पाउँदैन ।

यसमा सिमलेस रोमिङ हुने भएकाले एउटा राउटरबाट अर्को राउटरमा जाँदा गरिरहेको फोन काटिन पाउँदैन् । अटो स्वीच भएर अटो कनेक्ट हुने डिसहोम फाइबरनेटका प्राविधिकको भनाइ छ ।

## आवश्यकता

भिजन गण्डकी नेटवर्क प्रा.लि. द्वारा सञ्चालित सुनगाभा न्यूज डटकम को लागि निम्न कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक तथा दक्ष व्यक्तिहरुबाट दरखास्त आह्वान गरिन्छ ।

- बजार व्यवस्थापक : १ जना
- एकाउन्टेन्ट- १ जना
- संवाददाता : ३ जना
- न्यूज डेक्स : १ जना

भिजन गण्डकी नेटवर्क प्रा.लि.
पोखरा–९, पृथ्वीचोक, पोखरा मल
फोन नं. ०६१–५९०८०६, ९८५६०३४२५०

हामीलाई FOLLOW गर्नुहोस्
twitter.com/ samadhan_news




**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com